# Minimum Vaccine Requirements for Attendance in Pennsylvania Schools

**FOR ATTENDANCE IN ALL GRADES CHILDREN NEED THE FOLLOWING:**

**4 doses of tetanus, diphtheria, and acellular pertussis***
**(1 dose on or after the 4th birthday)**
**4 doses of polio (4th dose on or after 4th birthday and at least 6 months after previous dose given)****
**2 doses of measles, mumps, rubella*****
**3 doses of hepatitis B**
**2 doses of varicella (chickenpox) or evidence of immunity**

* Usually given as DTP or DTaP or if medically advisable, DT or Td
** A fourth dose is not necessary if the third dose was administered at age 4 years or older and at least 6 months after the previous dose
*** Usually given as MMR

**ON THE FIRST DAY OF SCHOOL, unless the child has a medical or religious/philosophical exemption, a child must have had at least one dose of the above vaccinations or risk exclusion.**

**If a child does not have all the doses listed above, needs additional doses, and the next dose is medically appropriate, the child must receive that dose within the first five days of school or risk exclusion. If the next dose is not the final dose of the series, the child must also provide a medical plan (red and white card) within the first five days of school for obtaining the required immunizations or risk exclusion.**

**If a child does not have all the doses listed above, needs additional doses, and the next dose is not medically appropriate, the child must provide a medical plan (red and white card) within the first five days of school for obtaining the required immunizations or risk exclusion.**

**For attendance in 7th grade:**

1 dose of tetanus, diphtheria, acellular pertussis (Tdap) on the first day of 7th grade

1 dose of meningococcal conjugate vaccine (MCV) on the first day of 7th grade

**On the first day of 7th grade, unless the child has a medical or religious/philosophical exclusion, a child must have had the above vaccinations or risk exclusion.**

**For attendance in 12th grade:**

1 dose of MCV on the first day of 12th grade. If one dose was given at 16 years of age or older, that shall count as the twelfth-grade dose.

**On the first day of 12th grade, unless the child has a medical or religious/philosophical exclusion, a child must have had the above vaccinations or risk exclusion.**

**These requirements allow for the following exemptions: medical reason, religious belief, or philosophical/strong moral or ethical conviction. Even if your child is exempt from immunizations, he or she may be excluded from school during an outbreak of vaccine preventable disease.**

**Pennsylvania's school immunization requirements can be found in 28 Pa.CODE CH.23 (School Immunization). Contact your healthcare Pennsylvania provider or call 1-877-PA-HEALTH for more information.**

# Pennsylvania का विद्यालयहरूमा उपस्थित हुनको लागि न्यूनतम रूपमा लगाउनु पर्ने खोप

**सबै ग्रेडहरूमा उपस्थित हुनको लागि विद्यार्थीहरूलाई निम्न खोपहरू आवश्यक पर्छः**

धनुष्टङ्कार, भ्यागुते रोग, र लहरे खोकीको 4 डोज*

(चौथो जन्मदिनमा वा पछि 1 डोज)

पोलियोको 4 डोज (चौथो जन्मदिनमा वा पछि चौथो डोज र अघिल्लो डोज प्राप्त गरेको कम्तीमा 6 महिनापछि)**

दादुरा, गलफुलो, रुबेलाको 2 डोज***

हेपाटाइटिस B को 3 डोज

भेरिसेला (ठेउला) को 2 डोज वा रोग प्रतिरोधात्मक क्षमताको प्रमाण

***   साधारणतया DTP वा DTaP को रूपमा दिइने वा चिकित्सकीय रूपमा मिल्ने भए, DT वा Td**

****   तेस्रो डोज चार (4) वर्ष वा माथिको उमेरमा र अघिल्लो डोजको कम्तीमा छ (6) महिनापछि प्रदान गरिएको हो भने चौथो डोज आवश्यक पर्दैन**

*****   साधारणतया MMR को रूपमा दिइने**

**विद्यालयको पहिलो दिन, विद्यार्थीले चिकित्सा वा धार्मिक/दार्शनिक छूट प्राप्त नगरेसम्म, उनले माथि उल्लेख गरिएको खोपको कम्तीमा एक डोज लगाएको हुनु पर्दछ, वा त विद्यालयबाट निकालिने जोखिम मोल्नु पर्दछ।**

विद्यार्थीले माथि उल्लेख गरिएको खोपको सबै डोज प्राप्त गरेका छैनन्, वा उनलाई थप डोज आवश्यक पर्छ, र अर्को डोज चिकित्सकीय रूपमा उपयुक्त हुन्छ भने, ती विद्यार्थीले विद्यालय लागेको पहिलो पाँच दिन भित्र उक्त डोज प्राप्त गर्नु पर्दछ वा त विद्यालयबाट निकालिने जोखिम मोल्नु पर्दछ। अर्को डोज कुनै खोपको अन्तिम डोज होइन भने, विद्यार्थीले आवश्यक खोपहरू प्राप्त गर्नका लागि विद्यालय लागेको पहिलो पाँच दिन भित्रमा चिकित्सा योजना (रातो र सेतो कार्ड) पनि प्रदान गर्नु पर्दछ वा त विद्यालयबाट निकालिने जोखिम मोल्नु पर्दछ।

विद्यार्थीले माथि उल्लेख गरिएको खोपको सबै डोज प्राप्त गरेका छैनन्, वा उनलाई थप डोज आवश्यक पर्छ, र अर्को डोज चिकित्सकीय रूपमा उपयुक्त छैन भने, ती विद्यार्थीले आवश्यक खोपहरू प्राप्त गर्नका लागि विद्यालय लागेको पहिलो पाँच दिन भित्रमा चिकित्सा योजना (रातो र सेतो कार्ड) प्रदान गर्नु पर्दछ।

**सातौं (7th) ग्रेडको उपस्थितिका लागि:**

सातौं (7th) ग्रेडको पहिलो दिन धनुष्टङ्कार, भ्यागुते रोग, र लहरे खोकी (Tdap) को 1 डोज

सातौं (7th) ग्रेडको पहिलो दिन मेनिन्गोकोकल कन्जुगेट भ्याक्सिन (MCV) को 1 डोज

सातौं (7th) ग्रेडको पहिलो दिन, विद्यार्थीले चिकित्सा वा धार्मिक/दार्शनिक छूट प्राप्त नगरेसम्म, उनले माथि उल्लेख गरिएको खोपहरू लगाएको हुनु पर्दछ, वा त विद्यालयबाट निकालिने जोखिम मोल्नु पर्दछ।

**बाह्रौं (12th) ग्रेडको उपस्थितिका लागि:**

बाह्रौं (12th) ग्रेडको पहिलो दिन MCV को 1 डोज। कुनै डोज 16 वर्ष मा माथिको उमेरमा दिइएको हो भने, उक्त डोजलाई बाह्रौं (12th) ग्रेडको डोजको रूपमा गणना गरिनेछ।

सातौं (12th) ग्रेडको पहिलो दिन, विद्यार्थीले चिकित्सा वा धार्मिक/दार्शनिक छूट प्राप्त नगरेसम्म, उनले माथि उल्लेख गरिएको खोपहरू लगाएको हुनु पर्दछ, वा त विद्यालयबाट निकालिने जोखिम मोल्नु पर्दछ।

यी आवश्यकताहरूले निम्न कुराहरूलाई छूट दिन्छ: चिकित्सा कारण, धार्मिक विश्वास, वा दार्शनिक/दृढ नैतिक धारणा। तपाईंका विद्यार्थीलाई खोप नलगाउन छुट दिइए पनि, उनलाई खोपबाट रोकथाम गर्न सकिने रोगको महामारी फैलिएको समयमा विद्यालयबाट निकालिन सक्छ।

**Pennsylvania** को विद्यालयको खोपसम्बन्धी प्रावधानहरू **28 Pa.CODE CH.23** (विद्यालयको खोप) मा फेला पार्न सकिन्छ। थप जानकारीका लागि **Pennsylvania** को आफ्नो स्वास्थ्य सेवा प्रदायक वा **1-877-PA-HEALTH** मा सम्पर्क गर्नुहोला।